# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०८०/८१
च.नं. :- ७९

मिति :- २०८०/०८/०५

**विषय :दोस्रो त्रैमासिक माग फाराम पेश गर्ने बारे।**

श्री सामुदायिक विद्यालयहरु सबै
धनगढी उपमहानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा यस उप-महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी/करार शिक्षक, राहत शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (शिक्षक), विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुको आ.व.२०८०।८१ को दोस्रो त्रैमासिक (कार्तिक, मंसिर र पुस) अवधिको तलबभत्ता तथा पारिश्रमिक भुक्तानीका लागि मिति २०८० मंसिर १५ गते भित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा माग फाराम पेश गर्नु हुन जानकारीका लागि अनुरोध छ।

नरेन्द्र बहादुर खाती
नि.प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१. शिक्षा, युवा तथा खेलकुद महाशाखाको पत्र संख्या २०७९।८० च.नं. ९०२ मिति २०७९।०५।२२ र पत्र संख्या २०८०।८१ च.नं. ९४७ मिति २०८०।०५।१३ बमोजिम माग गरिएका व्यक्तिगत विवरणका कागजात पेश नगरेका विद्यालयले विद्यालयमा कार्यरत सबै शिक्षक एवम् कर्मचारीको व्यक्तिगत विवरण सहितको फाइल समेत पेश गर्नु पर्नेछ। अन्यथा व्यक्तिगत विवरणका कागजात पेश नगरेका विद्यालयमा कार्यरत शिक्षक एवम कर्मचारीको तलबभत्ता निकासा नगरिने जानकारी गरिन्छ।
२. माग फारामसाथ आ.व.२०८०।८१ को प्रथम त्रैमासिक अवधिको तलबभत्ता तथा पारिश्रमिक भुक्तानी सम्बन्धी विवरणहरु (शिक्षक/कर्मचारीहरुको पेश गर्न बाँकी अवधिको प्रमाणित हाजिरी, शिक्षक/कर्मचारीको बैंक खातामा रकम जम्मा गरिएको व्यहोरा खुलेको बैंकबाट प्रमाणित पत्र, सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, आयकर कट्टी भएको विवरण) संलग्न गरेको हुनु पर्नेछ।
३. महालेखा परीक्षकले औंल्याएको बेरुजु रकम संघीय राजश्व खातामा र विद्यालयको आन्तिम लेखा परीक्षकले औंल्याएको बेरुजु रकम सम्बन्धित विद्यालयको खातामा जम्मा गरी सो को जानकारी पेश गर्न बाँकी रहेको विद्यालयले सोको जानकारी समेत पेश गर्नु पर्नेछ।
४. यस सम्बन्धी थप जानकारी बुझ्नु परेमा सम्बन्धित विद्यालय हेर्ने शाखा/शिक्षा अधिकृत र शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्राविधिक सहायक श्री ज्ञानु गिरीबाट बुझ्न सकिनेछ।

**बोधार्थ :**

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : कार्यालयको वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
प्रा.स. श्री ज्ञानु गिरी : पेश तथा रुजु भएका माग फाराम बमोजिम निकासा विवरण तयार गरी पेश गर्नु हुन।